# ‘गुनासो’ कथामा शृङ्गार र रौद्र रस

सरिता जोशी
इमेल : saritajoshi3330@gmail.com

**लेखसार**

*नारीको जीवन भोगाइको सूक्ष्म अध्ययन गरी विविध आयाम र पाटाहरूको गहन विश्लेषण गरिएको गुनासो कथा रसविधान र नारीवादी प्रतिरोध चेतनालाई विषयवस्तु बनाइएको एक सशक्त कथा हो । प्रस्तुत आलेख गुणात्मक प्रकृतिको भएकाले पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको छ । शृङ्गार रस र रौद्र रसलाई सैद्धान्तिक रूपमा देखाउँदै कथाको सूक्ष्म विश्लेषण गरिएको छ र विश्लेषणका क्रममा निगमनात्मक, वर्णनात्मक, व्याख्यात्मक विधि अवलम्बन गरेर निष्कर्षमा पुगिएको छ । पुरुषसत्तात्मक समाजमा पुरुषले महिलालाई केवल उपभोग्य वस्तु ठान्ने र महिलाले हर किसिमका दमन चुपचाप सहनुपर्ने धारणाको कथामा प्रतिरोध गरिएको छ । आलेखमा पूर्वीय नौ रसमध्ये शृङ्गार रस र रौद्र रसका विभिन्न रस सामाग्रीको विश्लेषण गर्दै गुनासो कथामा ती कसरी घटित भएका छन् भन्ने सन्दर्भलाई देखाइएको छ । सूर्य र आर्याको प्रेमसम्बन्ध, तय भएको बिहे छोडेर जानु, मनमुटाव, असमझदारी, एकअर्काप्रति शङ्काको भावना, सूर्यले आर्यालाई गरेको दुर्व्यवहार र सम्बन्ध विच्छेदजस्ता घटनाहरूको विश्लेषण शृङ्गार र रौद्र रसका माध्यमबाट गरिएको छ । सामाजिक र डायस्पोरिक जीवन शैलीलाई विषयवस्तु बनाएर सरल र सहज शैलीमा लेखिएको गुनासो कथा आदित्य र आर्याको प्रेमसम्बन्धबाट रति स्थायीभाव हुने शृङ्गार रस र सम्बन्ध विच्छेदको घटनाले रौद्र रस परिपाक अवस्थामा पुगेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : अङ्गी रस, आलम्बन, परिपाक, भावक, रसावस्था ।

## विषयपरिचय

सानू शर्मा आधुनिक नेपाली आख्यान साहित्यकी एक सशक्त र युगीन आवाज बोकेकी आख्यानकार हुन् । पचासको दशकदेखि साहित्य लेखनका क्षेत्रमा लागेकी उनले उपन्यास र कथा दुवैमा उत्तिकै मात्रामा सशक्त ढङ्गले कलम चलाएकी छन् । उनका हालसम्म *अर्धविराम, जीवनको परिभाषा, अर्थ, विप्लवी* र *उत्सर्ग* गरी पाँचओटा उपन्यास प्रकाशित छन् भने *एकादेशमा कथासङ्ग्रह* र विभिन्न पत्रपत्रिकामा फुटकर कथा प्रकाशित भएका पाइन्छन् । आफ्नो लेखनको सुरुवाती चरणदेखि नै मानवतावादी स्वर उजागर गर्नु, मानवीय सम्बन्धजस्ता विचारहरूलाई प्रखर रूपमा लेख्नु उनका सङ्ग्रहहरूमा पाइने प्रवृत्ति हो । समाजको मूलधारमा आउन नसकेका पात्र, विषय, घटनाहरूलाई विषयवस्तु बनाएर समाजभित्र लुकेका विकृति, विसङ्गति, हिंसा, लैङ्गिक विभेद, जातीय विभेद, वर्गीय विभेदजस्ता सूक्ष्म कुरालाई गहन तरिकाले केलाइएको पाइन्छ । संयोग र वियोगका घटनालाई लिएर मानव जीवनका संवेगसँग बढी निकट उनका कथामा क्रान्तिकारी विचार, नारीवादी चेतनाका स्वरहरू, वर्गविहीन समाज निर्माणका स्वरहरू मुखरित भएका पाइन्छन् भने उनका कथाहरू खासगरी पूर्वदीप्ति शैलीमा नै लेखिएका देखिन्छन् । मानवीय संवेग र नारी चेतनालाई केन्द्रीय विषयवस्तु बनाएर कथा रचना गर्ने शर्माका कथामा विषयवस्तुगत विविधता पाइन्छ । पूर्वदीप्ति शैलीमा लेखिएको गुनासो कथा सामाजिक यथार्थवादी र नारी चेतनाको दृष्टिकोणले सशक्त बनेको देखिन्छ ।

कुनै पनि आख्यान वा कृतिलाई त्यसमा प्रयुक्त रस विधानका दृष्टिकोणले त्यो कथाको अध्ययन विश्लेषण गर्न सकिन्छ । कथामा कुन रस, कसरी, कुन सन्दर्भमा देखिन्छ र त्यो परिपाक अवस्थासम्म पुग्नका लागि त्यसमा प्रयुक्त विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भावले के कस्तो भूमिका खेलेका छन् भन्ने कुरालाई देखाउन सकिन्छ । नारीको जीवन भोगाइको चित्रण सूक्ष्म रूपमा गरिएको यस कथामा विवाह गर्ने उमेरमा पुगेकी सुन्दर नारी पात्र आर्याले तय भइसकेको विवाह छोडेर सूर्यसँग भागेको सन्दर्भलाई लिएर प्रारम्भ गरिएको कथा रस विधानका दृष्टिले पठनीय रहेको छ । यसमा पूर्वीय नौ रसमध्ये शृङ्गार रस र रौद्र रस मूलभूत रूपमा आएका देखिन्छन् भने प्रसङ्गअनुसार करुण भावका सन्दर्भहरू मार्मिक रूपमा देखिन्छन् । यसरी कुनै पनि कथाको अध्ययन गर्दा त्यसमा प्रयुक्त पूर्वीय रसको अध्ययन गरिनु आवश्यक देखिन्छ तसर्थ सानू शर्माले लेखेको गुनासो कथालाई शृङ्गार रस र रौद्र रसका दृष्टिकोणका आधारमा अध्ययन गर्ने कार्य यस लेखमा गरिएको छ । गुनासो कथाको नारी विद्रोह, नारीवादी चेतना र अन्य दृष्टिकोणबाट अध्ययन, विश्लेषण गरिएको पाइए पनि रसविधानका दृष्टिले शृङ्गार रस र रौद्र रसका आधारमा कुनै पनि अनुसन्धान भएको पाइएको छैन । यसै शोधरिक्तताको परिपूर्तिका लागि यो अध्ययन गरिएको हो । कथाकी मुख्य पात्र आर्याको जीवनमा घटेका घटना र भोगेका जीवन भोगाइहरूको चित्रण गरेर शृङ्गार र रौद्र रसको प्रयोग देखाउनु, उनमा देखिएको करुण भावको परिचर्चा गर्दै कथाको विश्लेषण गरिनुलाई अध्ययनको सीमाङ्कन मानिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेखमा निर्धारित उद्देश्यहरू पूर्ति गर्न आवश्यक पर्ने प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू पुस्तकालय कार्यबाट सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा 'गुनासो' कथा रहेको छ । सैद्धान्तिक ढाँचाको अध्ययन विश्लेषणका लागि रससम्बन्धी अध्ययन विश्लेषण गरिएका विभिन्न पुस्तकहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । सङ्कलित सामग्रीको विश्लेषण रसनिष्पत्तिको प्रक्रियाका आधारमा गरिएको छ । त्यसैले यस लेखको प्रकृति गुणात्मक प्रकारको रहेको छ ।

## सैद्धान्तिक आधार

कुनै पनि साहित्यिक रचनाबाट पाठकका मनमा आस्वादित हुने आनन्दानुभूतिलाई रस भनिन्छ। पूर्वीय साहित्यशास्त्रमा अत्यन्त महत्त्वपूर्ण साहित्यिक वाद नै रस हो। भरतमुनिको समयबाट मूलभूत रूपमा रसको चर्चा परिचर्चा गर्ने परम्पराको सुरुवात भएकाले नै रससिद्धान्तका प्रवर्तक भरतमुनिलाई नै मानिन्छ। साहित्यका अन्य विधाका तुलनामा कविता विधामा रसको प्रयोग पर्याप्त मात्रामा देखिन्छ। जसरी नाना व्यञ्जन, मरमसला बेसार, नुन, अमिलो आदिको संयोगबाट रसको निष्पत्ति हुन्छ। (अथवा) जस्तो गुड आदि द्रव्य र व्यञ्जन औषधिहरूको संयोगबाट षाड्रस (षड्रस प्रधान), पानक विशेष आदि रस बन्दछन् (सखर, चिनी आदि र मरीच, अलैँची, कागती आदिको संयोगबाट अपूर्व सर्वत जसरी बन्दछ)। त्यसै गरी नाना भावले युक्त भएका स्थायी भावहरू रसत्व अवस्थामा प्राप्त हुन्छन् (भट्टराई, २०७७, पृ. १३३)। "काव्यसन्दर्भमा रसको तात्पर्य त्यस्तो रमणीय र आह्लादकारी अनुभूतिसँग छ, जसले मानव हृदयमा कुनै न कुनै तरल भाव संवेदनालाई जगाओस्। यसको आस्वादन पनि जिभ्राले हैन संवेदनशील हृदयले गर्दछ" (उपाध्याय, २०३६, पृ. १८) रसले मानव संवेदनालाई वा मानव मनलाई कल्पना र भावनाको सुन्दर संसारमा विचरण गरेर आनन्दानुभूति महसुस गराउँछ। जो मानव हृदयमा आत्माको रूपमा रहन्छ। रसका सन्दर्भमा गड्तौला लेख्छन्, "साहित्यमा साहित्यिक कृतिको पठनबाट उत्पन्न हुने मानसिक परितृप्ति र त्यसबाट उत्पन्न हुने अलौकिक आनन्दानुभूति नै रस हो।" (२०७१, पृ. २) कुनै पनि साहित्यिक कृति पढ्दा पाठकको मनका जिज्ञासा, मानसिक सन्तुष्टि र त्यसबाट लिइने चरम आनन्द नै खासमा रस हो भन्न सकिन्छ र रसको मूल अवस्था आनन्दात्मक नै रहेको हुन्छ। साहित्यमा रसको प्रयोग आदिम कालबाट नै भएको हो। "वेदको प्रतिपादन छ, रस नै ब्रह्म हो, ब्रह्म नै रस हो। रसको भोक्ता पनि ब्रह्म हो अर्थात् रस ब्रह्मस्वरूप पनि हो र ब्रह्मको भोजन पनि हो" (उपाध्याय, २०३६, पृ. १८)। वेदले रसलाई ब्रह्म वा ब्रह्म स्वरूप मानेकाले पूर्वीय साहित्यमा रसको स्थान सर्वोपरि छ भन्न सकिन्छ। शर्मा लेख्छन्, "सहृदय पाठक, दर्शक र श्रोताको मनलाई आह्लादित पार्ने भावहरूलाई नै रस भनिन्छ।" (२०७०, पृ. ३)

रसका सन्दर्भमा पूर्वीय आचार्य भरतले प्रतिपादन गरेको परिभाषा यस्तो रहेको छ "रसबिना कुनै पनि अर्थको प्रवर्तन हुँदैन।" (गड्तौला, २०७१, पृ. ६) साहित्यिक कृतिमा रस छैन भने त्यसले दिने अर्थ पनि पूर्ण हुँदैन र रसको अभावमा मानव हृदय पनि आह्लादित हुँदैन भन्ने निष्कर्ष भरतमुनिको परिभाषाबाट निकाल्न सकिन्छ। यसरी भरतमुनिदेखि अभिनव गुप्तसम्म आइपुग्दा रसको चर्चा परिचर्चा व्यापक रूपमा भइसकेको पाइन्छ। रस कति प्रकारका हुन्छन् भन्ने विषयमा पूर्वीय आचार्यहरूका विचारमा मतभेद देखिए पनि रस नौ प्रकारका नै छन् भन्ने विचारलाई धेरैजना आचार्यहरूले समर्थन गरेका छन्।

रसलाई आस्वाद्य बनाउन र गुनासो कथाको विश्लेषण गर्नका लागि रस सामाग्रीहरूको महत्त्व हुने भएकाले तिनको परिचय दिनु सान्दर्भिक हुन्छ। विभाव : रस निष्पत्ति हुनका लागि विभाव प्रमुख कारण मानिन्छ। आलम्बन र उद्दीपन गरी विभाव दुई प्रकारका हुन्छन्। आचार्य जगन्नाथका अनुसार चित्तवृति भन्नाले आलम्बन विभाव बुझिन्छ भने निमित्त भूत सामाग्री उद्दीपन विभाव हो (उद्धृत. गड्तौला, २०७१ पृ. १७)। आलम्बन विभावलाई पनि विषयालम्बन र आश्रयालम्बन गरी दुई प्रकारले वर्गीकरण गरेको पाइन्छ। विभिन्न प्रकारका अभिनय, हावभावद्धारा वा वर्णन विश्लेषणद्धारा

साहित्यिक भावसँग पाठकवर्गलाई साक्षात् गराउने उपकरणहरू नै अनुभाव हुन् । भाव, मद, चकित, विलासजस्ता अनुभावहरू छत्तिसओटा हुन्छन् । रस रूपमा परिणत हुन योग्य भाव नै स्थायी भाव हुन् । स्थायी भावलाई कुनै पनि प्रकारका विरोधी भावले दबाउन नसक्ने र अन्य कुनै भावमा निहित हुन नसक्ने र बरु अरू भावलाई आफैँमा समाहित गर्ने क्षमता बोकेका हुन्छन् । स्थायीभावको सम्बन्ध आनन्दसँग पनि निकट हुन्छ वा जुन भाव आनन्द अवस्थामा परिवर्तन हुन सक्छ त्यसलाई स्थायी भावको रूपमा लिएको देखिन्छ । सञ्चरणशील भावलाई सञ्चारी भाव भनिन्छ । अर्को शब्दमा यसलाई व्यभिचारी भाव पनि भन्ने गरेको पाइन्छ । सञ्चारी भावले स्थायी भावलाई रसावस्थामा पुग्न सहयोग गर्छन् र आस्वादनीय बनाउँछन् । यसरी कुनै पनि कृतिको वा कथाको मूलभूत प्रयोजन आनन्दानुभूति हो भन्न सकिन्छ ।

## नतिजा र विमर्श

सामाजिक र डायस्पोरिक विषयलाई विषयवस्तु बनाएर लेखिएको गुनासो कथा रस प्रधानताका दृष्टिकोणले उत्कृष्ट कथा हो । कथामा रसविधानको विश्लेषण गर्ने सन्दर्भमा शृङ्गार रस र रौद्र रसको निर्क्योल गरिएको छ । यी रसहरूको पुष्टि गर्नका लागि रस सामाग्रीको व्याख्या, विश्लेषण कथाका आधारमा सूक्ष्म ढङ्गले गरिएको छ ।

## शृङ्गार रस

गुनासो कथा शृङ्गार रसप्रधान कथा हो । यसको मुख्य विषयवस्तु सामाजिक घटनालाई आधार मानेर लेखिए पनि रसका दृष्टिकोणले हेर्दा शृङ्गार रस नै अङ्गी रसका रूपमा देखिन्छ । गुनासो कथाको नायक सूर्य र नायिका आर्याबिच प्रेम सम्बन्ध रहेको र आर्याको अन्त कतै बिहेको टुङ्गो लागिसकेको भए पनि सूर्यको आग्रह र धम्कीपूर्ण व्यवहारलाई नकार्न नसकेर सूर्यसँगै बस्ने निर्णयले यहाँ शृङ्गार रस प्रचुर मात्रामा भेट्टिन्छ । सुरुवातमा दुवैमा परस्पर प्रेम, आत्मीय र हार्दिक सम्बन्ध देखिनुले दुवै आश्रय र विषयालम्बन देखिएका छन् । समय क्रमअनुसार बिस्तारै प्रेम र सहसम्बन्धको केन्द्रीयतामा आर्यालाई आश्रयालम्बनका रूपमा लिन सकिन्छ । सुरुवाती दिनहरूमा दुवैमा अगाध माया, प्रेम र विश्वास उत्तिकै थियो । सूर्यका लागि आर्या फूल थिइन्, जून थिइन् । समय क्रमसँगै सूर्यको अगाध विश्वास, माया र प्रेममा परिवर्तन देखिएको छ । आर्याले परिवारको अनुमति बाहिर गएर आफ्ना जन्मदाताको कोमल हृदयमाथि बज्र प्रहार गरेर सूर्यसँग बस्न थाल्नु मुख्य घटना देखिन्छन् । यसबाट नै नायक-नायिकामा उत्पन्न प्रेमभाव पाइन्छ । मानव हृदयमा वासनाका रूपमा रहेको रति स्थायी भाव भौतिक पक्षभन्दा मानसिक आनन्दको विषयसँग सम्बन्धित हुन्छ । सूर्य र आर्याको परस्पर प्राकृतिक आकर्षण, प्रेम, प्रणय, स्नेह, राग, अनुरागजस्ता सन्दर्भहरू कथामा आएकाले यी घटनाहरूले मुख्य रूपमा रति स्थायी भावलाई देखाउँछ ।

### (क) विभाव

रस निष्पत्तिका लागि विभाव प्रमुख कारण मानिन्छ । स्थायी भाव जागृत हुने कारण र जागृत हुने अवस्थालाई विभाव भनिन्छ । रसका आधारमा विभावका स्वरूप र आधार फरकफरक हुन्छन् । शृङ्गार रसमा नायक, नायिका, वन, बगैँचा, एकान्त स्थान, नदी किनार विभाव हुन् । गुनासो कथामा आर्या र सूर्यबिचको प्रेमलाई मूर्तरूप दिन एकान्त स्थल, चन्द्रमा, नदी किनारजस्ता विभावले उत्कर्षमा पुग्न सहयोग गरेको पाइन्छ ।

**(ख) आलम्बन विभाव**

पूर्वदीप्ति शैलीमा लेखिएको गुनासो कथा रसविधानका दृष्टिले सबल कथा हो । कथामा उपस्थित प्रमुख पात्र सूर्य र आर्या हुन् । यी दुवैमा एकअर्कामा आत्मिक प्रेम रहेको देखिन्छ ।  दुवै आलम्बन विभाव हुन् । रतिस्थायी भावलाई उद्दीप्त गराउनमा दुवैको भूमिका महत्त्वपूर्ण  देखिन्छ । प्रेम र आकर्षणका सन्दर्भ पूर्वदीप्तिमै भए पनि आर्याको प्रसङ्गअनुसार विषयालम्बनका रूपमा नायक र आश्रयालम्बनका रूपमा नायिकालाई लिन सकिन्छ ।

> मैले सूर्यको मप्रतिको बहुलट्ठीपन देखेकी थिएँ ।
>
> सूर्यका लागि फूल थिएँ म, जून थिएँ । आकाश र धरती थिएँ । साँझ र बिहान थिएँ । वर्षात् र इन्द्रेणी थिएँ । उसका लागि म त्यो सब थिएँ । जो समग्रतामा सौन्दर्यको प्रतीक हुन्छ ।

माथिका वाक्यहरू हेर्दा सूर्यका लागि आर्या आकाश, धर्ती, जून, घाम सबथोक थिइन् भन्ने कुराको अनुमान गर्न सकिन्छ । नायक र नायिका दुवैजना प्रेमरागले भिजेका देखिन्छन् । पूर्वदीप्तिको रमाइलो यादले नायिकाका मनमा रति स्थायीभाव उत्पन्न भएर संयोग शृङ्गारमा परिणत भएको देखिन्छ र नायक र नायिका विषय र आश्रयका रूपमा कथामा उपस्थित भएका छन् ।

**(ग) उद्दीपन विभाव**

नायक-नायिकाबिचको प्रेम वा रति स्थायीभावलाई उत्कर्षमा पुऱ्याउनका लागि एक अर्काले गरेका प्रेममय घटना, परिवेश, स्थानले उद्दीपनको काम गरेका छन् ।

> एक वर्षमै अघायो ऊ मेरो प्रशंसा गरेर । अँगालोमा बाधेर, चुमेर, मलाई बाइकमा जतातत्तै घुमाएर । अरूले गरेको मेरो प्रशंसामा छाती फुलाएर गर्व गरेर ।

पूर्वदीप्तिमै आएका घटनाहरू भए पनि बिहेको पहिलो एक वर्षमा नायिकाको निकै प्रशंसा गरेको, एकअर्काको अँगालोमा बाँधिएको, मनोरम दृश्य र स्थानहरूमा यता र उता बाईकमा घुमेको प्रसङ्गले नायक-नायिकामा प्रेम र आकर्षण भएको महसुस गर्न सकिन्छ । यसरी सूर्य र आर्याबिचको प्रेम, बोलिचाली, एकान्त भेट, माया प्रेमका कुराकानी, एकान्त रमणीय स्थलले रतिभावलाई उत्कर्षमा पुऱ्याएको छ ।

**(घ) अनुभाव**

गुनासो कथामा नायक-नायिकाको प्रेम भावलाई व्यक्त गर्ने माध्यम नै रति स्थायी भाव अनुभावका रूपमा आएका छन् । यसरी एकअर्काको प्रेमले सार्थक रूप लिएको र नायिकाको मानसिक अवस्था महसुस गरेर वा नायक-नायिकाको प्रेम उत्कर्षमा पुगेको कारणले पाठकको मनमा समेत शृङ्गार रसको भाव उत्पन्न हुन्छ ।

> मप्रतिको उसको पागलपन देखेर कायल भएकी थिएँ । मेरो अन्तै बिहे भए आत्महत्या गर्ने उसको धम्कीसँग डराएर आफ्नो बिहेभन्दा दुईदिनअघि उसँग भागेकी थिएँ ।
>
> सूर्यलाई आर्याको आकर्षक जिउडाल, ऊ प्रतिको अगाध माया वा आकर्षणले गर्दा मन अशान्त भइरहेको महसुस गर्न सकिन्छ । त्यही आवेगमा उसले आर्यासँग बिहे गर्ने निर्णय गरेको छ । प्रेम आकर्षणले उसको मनमा छटपटि भएको सन्दर्भ माथिको सन्दर्भबाट स्पष्ट हुन्छ ।
>
> दुध उम्लिएर पोखिएझैं सूर्यको माया जुन वेगका साथ उम्लियो त्यही वेगसँग सतहबाट ओर्लियो ।

यसरी सूर्यको मनमा आर्याप्रति प्रेम, आकर्षण, उसँगको सामिप्यको चरमसुख आदिले प्रेमलाई उत्कर्षमा पुऱ्याउने भावको उदय भएको देखिन्छ र संयोग शृङ्गार रस उत्पन्न भएको पाइन्छ।

### (ङ) व्यभिचारी भाव

मानव मनमा क्षणिक रूपमा उत्पन्न हुने र अन्त्य हुने भावलाई व्यभिचारी वा सञ्चारी भाव भनिन्छ। व्यभिचारी भाव पानीको फोका जस्तै हुन्छन्। गुनासो कथामा विद्यमान रति स्थायी भावलाई अभिव्यक्त गर्नका लागि आवेग, हर्ष, लज्जा, उत्सुकता, मोह, त्रास, गर्व, उन्माद जस्ता व्यभिचारी भावहरू देखिन्छन्।

> त्यतिबेला मलाई पटक्कै पछुतो लागेन। अहँ लाग्दै लागेन। न मलाई बाबाको बेइज्जतीले असर गऱ्यो, न आमाको रुवाबासीले, न दाइहरूको धम्की र फकाइले। केवल सूर्यलाई पाएर धन्य भएकी थिएँ म।
>
> त्यसैले पनि मलाई दुनियाँको पटक्कै प्रबाह थिएन।

सूर्यप्रतिको आकर्षण र प्रेम र उसको धम्कीपूर्ण व्यवहारले उसँग भागेर आएकी आर्यालाई कुनै प्रकारको ग्लानिबोध नभएको र जताततै सूर्यलाई मात्रै देख्ने गरेको पाइन्छ। आर्यालाई उसलाई पाउनुले जीवन सार्थक भएको सन्दर्भ माथिका साक्ष्यहरूबाट प्रस्ट हुन्छ।

सूर्यसँग भागेर जाँदा मनमा अलिकति त्रास भए पनि नयाँ जीवनको आरम्भका कारणले उत्सुकता पैदा भएको देखिन्छ। एकअर्काको सामीप्यमा पुग्दा हर्ष, आवेग भावहरू प्रकट भएका देखिन्छन्। आफ्नो स्व-निर्णय र चाहना पूर्ण हुँदा गर्व महसुस भएको देखिन्छ र यौवन उमेरका प्रेमिल जोडीले एक अर्कासँग जिस्किएको प्रसङ्गले लज्जा र उन्मादजस्ता व्यभिचारी वा सञ्चारी भावहरू कथामा नायक र नायिकामा देखा परेका छन्। जसको आस्वादनले भावक पनि नायक-नायिकाकै प्रेममा समाहित हुन पुग्दछन्।

### (च) स्थायी भाव

गुनासो कथाका प्रमुख पात्र आर्या र सूर्यको प्रेम प्रसङ्गदेखि लिएर सूर्यसँग भागेर आउनुसम्मका घटना हेर्दा रति वा प्रेम स्थायी भाव हुने शृङ्गार रस उत्पन्न भएको देखिन्छ। आर्याले तय भएको बिहे नै छोडेर जानुले यहाँ शृङ्गार भाव मन्द अवस्थाबाट उत्कर्ष अवस्थामा पुगेको छ। एउटै ओछ्यान र एउटै छतको तल बसेर पनि अपरिचितजस्तै बनेका सूर्यको पछिल्लो व्यवहारबाट विरक्त भएकी, कुँडिएकी र विक्षिप्त बनेकी आर्याका मनमा विगतका स्मरणहरू ताजा भएर आएका छन्। यहाँनेर विप्रलम्ब शृङ्गारको सामान्य अवस्था देख्न सकिन्छ। आर्याको एकतर्फी प्रेम, उत्तरदायित्व र जिम्मेवारीबोध मात्र प्रबल भूमिकामा देखिन्छ। गुनासो कथामा सूर्य र आर्याबिच सम्बन्धविच्छेद भइसकेपछि आदित्यको प्रेमपूर्वक गरिएको आग्रहले आर्यालाई नितान्त फरक मोडमा ल्याइपुऱ्याएको छ।

> एउटै चस्माले सबैलाई हेर्न छोड। बुझेँ तिमिले चोट खाएकी छौ। यसको मतलब अरूलाई पनि दुखाउनुपर्छ भन्ने छैन। हिम्मत छ भने आएर भेट। मलाई एउटा मौका देऊ तिमीलाई बुझाउने।

माथिका यी साक्ष्यहरूबाट आदित्यले आर्यालाई एकोहोरो प्रेम गरेको घटनाजस्तो देखिए पनि त्यही प्रेमले मूर्तरूप लिएर विवाहमा परिणत भएको छ। जुम्ल्याहा छोराहरूको जन्म भएको देखिन्छ। परम्परागत धारणाभन्दा माथि उठेर गाँसिएको आदित्य र आर्याबिचको सम्बन्धमा शृङ्गार रस उत्पन्न

भएको देखिएको छ । यसबाट दुवैमा परस्पर प्रेम, हार्दिक, आत्मिक, हर्ष भाव उत्पन्न भएको देखिन्छ, जुन कुरा आर्याका निम्न भनाइबाट स्पष्ट हुन्छ ।

> जीवनमा लिनु र दिनु बराबरी भएन भने सम्बन्धको ब्यालेन्स बिग्रिन्छ चाहे त्यो माया होस् वा अरू कुनै कुरा । लिनेले हक मानेर लिन्छ र बिर्सन्छ, दिनेले दिइरहन्छ तर काउन्ट गरिरहन्छ । जब यो क्रम हदभन्दा बाहिर जान्छ तब सम्बन्धले अर्को निकास खोज्छ ।

आर्याले लगातार आफूले सूर्यलाई प्रेम खन्याउँदा खन्याउँदै रित्तिएको र आदित्यको प्रेम, सद्भाव, आत्मीय र हार्दिक भावले आफू पूर्ण भएको विचार व्यक्त गरेकी छिन् । यी घटना र सन्दर्भहरूले रति स्थायी भाव बुझाउँछ र कथामा शृङ्गार रस रहेको देखाइएको छ ।

## रौद्र रस

आत्मीय व्यक्तिको अपमान, आफूमाथि धोका, गुरुजन आदिको निन्दा आदिबाट उत्पन्न हुने क्रोधबाट रौद्र रसको भाव व्यञ्जित हुन्छ । विभाव, अनुभाव, व्यभिचारी भावका उपकरणहरू साधारणीकृत भएर प्रकट हुँदा रौद्र रसको आस्वादन पाठकले गर्दछ । अन्य रसको तुलनामा रौद्र रसलाई आधार बनाएर कमै मात्रामा आख्यान वा काव्यकृतिहरू लेखिएको पाइए पनि गुनासो कथामा रौद्र रसको सुन्दर प्रयोग गरिएको पाइन्छ । अत्यधिक प्रेम गरेको प्रेमीका लागि तय भइसकेको बिहे आमा-बुबा घरपरिवार, सबथोक त्यागेर रित्तै आएकी आर्यालाई सूर्यले प्रयोग गरेका अपमानजनक शब्दहरू, उसको गलत व्यवहार र एकपछि अर्को गर्दै भावनामा ठेस पुऱ्याउने काम गरेपछि आर्यामा अत्यन्त क्रोध उत्पन्न भएको पाइन्छ ।

### (क) विभाव

स्थायी भावलाई उत्कर्षमा पुऱ्याउने उपकरण विभाव हो । यो आलम्बन र उद्दीपन गरी दुई प्रकारको हुन्छ । गुनासो कथामा क्रोध स्थायी भाव प्रबल भएकाले रौद्र रस जागृत भएको छ । गुनासो कथामा रहेको रौद्र रसको आलम्बन र उद्दीपन विभावको विश्लेषण तल गरिएको छ ।

### (ख) आलम्बन विभाव

गुनासो कथा शृङ्गार रसको भावबाट आरम्भ भए पनि सूर्यको पछिल्लो व्यवहारका कारणले आर्यामा क्रोध देखिन्छ । जसको रौद्र रूपको वर्णन यहाँ गरिएको छ । एक अर्काप्रति वादी-प्रतिवादी र विरोधी विचार देखिएकाले सूर्य विषयालम्बन र आर्या आश्रयालम्बनका रूपमा देखिएका छन् ।  कथामा सूर्य मौन रूपमा देखिए पनि आर्याको क्रोधपूर्ण व्यवहारले उसमा लज्जाबोध र ग्लानि महसुस भएको देखिन्छ । विषयालम्बनमा रहेको सूर्य क्रोधको कारण हो । आश्रयालम्बनका रूपमा रहेकी आर्यामा सूर्यको व्यवहारबाट विक्षिप्त बनेर क्रोध उत्पन्न भएको पाइन्छ ।

> म तिमीसँग सम्बन्ध - विच्छेद गर्न जाँदैछु सूर्य ।
> के गर्न सक्छौ तिमी मेरा लागि ?
> मेरो कोख र काखमा सन्तान दिन सक्छौ ? या परिवारको अगाडि आफ्नो असमर्थता भन्न सक्छौ ?

आर्याले अथाह प्रेम, सद्भाव र सूर्यको करियरका लागि मेहनत र कठिन सङ्घर्ष गर्दा पनि सूर्यमा आर्याप्रति कुनै व्यवहारमा पनि श्रीमान् हुनुको दायित्व र जिम्मेवारी देखिदैन । आफ्नो पुरुषत्वको

कमजोरीको हिस्सेदारसमेत आर्यालाई बनाउँछ र आफ्नो परिवारको सामुन्ने आफ्नो कमजोरी स्वीकार गर्न पनि चाहन्न । यिनै सूर्यका व्यवहारले आर्यामा क्रोध भाव उत्पन्न हुन्छ र रौद्र रस देखिन्छ ।

**(ग) उद्दीपन विभाव**

गुनासो कथामा सूर्यले आर्यालाई गरेको अपमानजनक व्यवहार, फेक आइडीबाट कुरा गर्ने सन्दर्भमा लगाएका निरर्थक आरोप, माइतीमाथि असान्दर्भिक आरोप, नारी अहम्, चरित्र र अस्तित्वलाई नै आघात पुऱ्याउने घटना र गतिविधिहरू उद्दीपन विभाव हुन् । कथामा आर्याले सूर्यका लागि जति सङ्घर्ष गरे पनि, उसका आफन्तको शब्दवाणको जति सामना गरे पनि सामान्य नै रहेको उनको जिन्दगीलाई बर्बाद हुने गरी पूरै परिवर्तन देखिएकाले सूर्यको हेप्ने प्रवृत्ति मुख्य रूपमा आएको देखिन्छ । आर्याका मनमा थप चोट र पिडा दिने मुख्य घटना वा गतिविधिहरू निम्न साक्ष्यहरूबाट स्पष्ट हुन्छ ।

कुनै अन्डर स्टाइन्डिङ नै छैन, अनपढ गँवार ।

के गर्छे त्यसले मबिना ? केही गर्ने सामर्थ्य छैन । माइतीको पाल्ने हैसियत छैन । बाध्यता छ मेरो ।

प्रेम गरेर भित्र्याएकी श्रीमतीलाई अनपढ गँवारको संज्ञा दिनुले आर्यामा क्रोध उत्पन्न भएको छ जसले सूर्यको करियर र बसाइ व्यवस्थापनका लागि सामान्य पारिश्रमिकमा अथक मेहनत गरेर पढाइलाई पूर्णता दिन सहयोग पुऱ्याइन्, उनै त्याग र समर्पणकी पर्याय आर्यालाई मबिना केही गर्न सक्दैन । मेरै अधीनमा बाँचेकी छ र माइतीको हैसियत छैन जस्ता झुटा, निरर्थक र सारहीन विचार ले/गतिविधिले क्रोधलाई उकास्ने काम गरेका छन् । यी घटनाहरूले गर्दा भावक वा पाठकका मनमा सूर्यप्रति रिस र क्रोध भाव पैदा भएको छ ।

**(घ) अनुभाव**

गुनासो कथामा आर्याको रौद्र रूपको वर्णन गरिएको पाइन्छ । सूर्यको अविश्वासपूर्ण व्यवहार, नीच, अपमानजनक शब्दले उनमा सूर्यप्रति रिस र क्रोध मात्रै नभई घृणा पनि उत्पन्न हुन्छ । अपमानका कारण उत्पन्न पीडाको भावलाई व्यक्त गर्ने माध्यम विभाव हुन् ।

> १८-१९ वर्षको उमेरमा आफ्ना बाबा, दाजुको इज्जतमाथि टेक्दै घरमा जग्गे गाडिएपछि अगाडि पछाडि कतै नहेरी तिम्रो हात थामेर मैले घर छोडेजस्तै गरी तिमी सक्छौ आफ्नो घरपरिवार छोड्न मेरो लागि ?
>
> जाँडरक्सी चुरोट छोड्न सक्छौ ? यी साथी सर्कल छोड्न सक्छौ ? यो फेसबुक अकाउन्ट सदाका लागि बन्द गर्न सक्छौ ? भन के के गर्न सक्छौ तिमी मेरा लागि ?

माथिका साक्ष्यहरूलाई हेर्दा आर्याले विगतमा आफूले गरेको गल्ती बाबाआमाको इच्छाविपरीत सूर्यसँग बिहे गरेर साथ दिएको घटनाले आफैँमाथि पनि क्रोध उत्पन्न भएजस्तो देखिन्छ । मनैदेखि माया गरेको व्यक्तिले विश्वासघात गरेपछि आवेगमा आएर नभई निकै विचार गरेर आर्याले माथिका सर्तहरू राखेकी छन् । रिसले कामेका हातखुट्टा, तिखा शब्दबाणको प्रहार, स्पष्ट भाषामा आफ्नो स्वतन्त्र निर्णय सुनाउँदा क्रोधको अभिव्यक्ति भएको देखिन्छ । आफ्ना लागि जाँडरक्सी, चुरोट, साथीभाइ र फेसबुक बन्द गर्न सक्ने सामर्थ्य छ भन्ने आक्रोशित प्रश्न गरेकी छन् । विगतमा आफूले गरेका व्यवहारका कारण सूर्यमा पश्चात्ताप र ग्लानिबोध भएर हात जोड्ने, सम्झाउने कार्य भए पनि आर्याको क्रोधले क्षमा दिन नसकेको प्रसङ्ग स्पष्ट रूपमा देखिन्छ ।

### (ङ) व्यभिचारी भाव

गुनासो कथामा क्रोध स्थायी भावलाई उत्कर्षमा पुऱ्याउन विभिन्न सञ्चारी वा व्यभिचारी भावहरू उत्पन्न भएका छन् । कथामा देखिने प्रमुख पुरुष र नारीपात्र सूर्य र आर्याको जीवन भोगाइ र मानसिक रूपमा उत्पन्न भएका भावहरू मूलभूत रूपमा देखिएका छन् । यहाँ क्रोध स्थायी भावलाई देखाउने सन्दर्भमा गर्व, उग्रता, अमर्ष, स्मृति, चपलताजस्ता सञ्चारी भाव उत्पन्न भएका छन् र भावकको मनमा पनि सूर्यप्रति क्रोध उत्पन्न भएको छ ।

> मजाक त तिमीले मेरो अस्तित्वलाई बनाइदियौ सूर्य ।
> तिमीबाहेक मैले जीवनमा कोही, केही चाहिन ।
> मेरो भागमा सङ्घर्ष, एक्लोपन, उपेक्षा र रित्तोपन बाहेक कहिल्यै केही परेन ।
> जब मलाई तिम्रो साथमा पनि यसरी एक्लिएर बाँच्नु छ म तिमीभन्दा बेग्लै आफ्नै तरिकाले किन बाँच्न सक्तिन ?

आर्याले सूर्यको साथमा बसेर निरीह, लाचार र रित्तोपन महसुस हुनुभन्दा टाढा भएर बाँच्न सक्छु भन्नुले आफ्नो जीवनप्रति गर्व महसुस गरेको देखिन्छ । गर्वलाई अझै उत्कर्षमा पुऱ्याउन यी व्यवहार आएका देखिन्छन् । वर्तमान समयको सम्बन्ध जस्तोसुकै कठिन अवस्थामा पुगे पनि विगतको प्रेमपूर्ण सम्बन्धका सुमधुर क्षणहरू स्मृतिका रूपमा देखिएका छन् यसले गर्दा स्मृतिभाव पैदा हुन्छ । सूर्यले माफी माग्दा र हात जोड्दा पनि आर्याले माफी नदिनुले अमर्ष भाव देखिन्छ । सूर्यले विगतमा आफूले गरेको व्यवहारको पछुतो भएकाले मदभाव उत्पन्न भएको देखिन्छ । आर्याको कठोर र सम्बन्ध विच्छेदको अन्तिम निर्णयले चपलताजस्ता व्यभिचारी वा सञ्चारी भावहरू कथामा सूर्य र आर्या दुवैमा देखापरेका छन् ।

### (च) स्थायी भाव

गुनासो कथामा सूर्य र आर्याको सम्बन्धमा प्रतिकूल अवस्था सिर्जना भएको पाइन्छ र क्रोध स्थायी भाव हुने रौद्र रस उत्पन्न भएको देखाइएको छ । सूर्यले भत्किसकेको र चिस्सिएको सम्बन्धलाई अनुकूल बनाउने प्रयत्न गरे पनि आर्यामा उसप्रतिको क्रोध भाव चरमोत्कर्षमा पुगेको छ । आर्याको अस्तित्वलाई नै मजाक बनाइदिएको सूर्यसँग डिभोर्स गरेर, स्वतन्त्र भएर बाँच्नका लागि निर्णय गर्नुले कथामा रौद्र रस परिपाकावस्थामा पुगेको देखाइएको छ । आर्याको क्रोधलाई सूर्यसँग च्याटमा भएको कुराले झन् बढाइदिएको पाइन्छ र सूर्यलाई त्यही च्याटको लिङ्क पठाएर उसको वास्तविक रूप देखाउन मद्दत गरेको छ ।

गुनासो कथामा पुरुषसत्तात्मक समाजमा पुरुषवर्गको अपमानपूर्ण व्यवहारबाट मुक्त भई स्वतन्त्र हुन चाहने नारीवर्गको प्रतिनिधि आवाज बोकेको सन्दर्भ प्रस्तुत गरिएको पाइन्छ । सुरुवाती समयमा आत्मीय, सामीप्य र भावनात्मक सम्बन्धमा रहेका आर्या र सूर्यमा समय क्रमसँगै आपसी सम्बन्ध चिस्सिएको र मनमा विद्रोह उत्पन्न भएको पाइन्छ । आर्या र सूर्यको पूर्वदीप्तिको प्रेमपूर्ण प्रसङ्गले रति स्थायी भाव उत्पन्न भएर शृङ्गार रस प्रकटित हुन्छ । आर्याले घर, परिवार, आमाबुबा, समाज र तय भएको बिहे छोडेर आएको पूर्वदीप्तिकै प्रसङ्गले वर्तमानमा आएर उनको मनमा करुण भाव उत्पन्न भएको देखाइएको छ । सूर्यको अपमानजनक व्यवहारले निरीह, एक्लोपन एक्लो काख सम्झेर आर्यामा कुण्ठाभाव पनि देखिन्छ । सूर्यले गरेको उपेक्षा भावले सम्बन्ध विच्छेदको अवस्थासम्म पुग्नुले रौद्र

रस उत्पन्न भएको छ भने विपरीतलिङ्गी विगतका प्रेमप्रणयमा आबद्ध नायक-नायिकाबिचको बिछोडले विप्रलम्ब शृङ्गार भाव देखाइएको मान्न सकिन्छ ।

## निष्कर्ष

सामाजिक र डायस्पोरिक जीवनशैलीलाई विषयवस्तु बनाएर पूर्वदीप्ति शैलीमा लेखिएको गुनासो कथा वर्तमान समयका युवापुस्ताको प्रतिनिधिमूलक कथा हो । यस लेखमा कथाको सूक्ष्म अध्ययन गरी रसविधानका आधारमा शृङ्गार रस र रौद्र रसको व्याख्या, विश्लेषण गरिएको छ । सूर्य र आर्याको प्रेम सम्बन्धदेखि सम्बन्धविच्छेदसम्मका घटना र गतिविधिहरूकै केन्द्रीयतामा कथाको विषयवस्तु रहेको पाइन्छ । विवाह गर्ने उमेरमा पुगेकी बैँसालु उमेरकी सुन्दर नारीपात्र आर्याले तय भइसकेको विवाह छोडेर सूर्यसँग भागेको सन्दर्भलाई लिएर प्रारम्भ गरिएको कथा रसविधानका दृष्टिले निकै सबल देखिन्छ। कथामा नायक र नायिकाको प्रेम सम्बन्धले मूर्त रूप लिएको छ र रति स्थायी भाव उत्पन्न भएकाले शृङ्गार रस देखिन्छ । कथामा उपस्थित प्रमुख पात्र सूर्य र आर्या दुवैमा आत्मिक प्रेम रहेको हुन्छ, यसरी यी दुवै आलम्बन विभाव हुन् र स्थायी भावलाई उत्पन्न गराउनमा दुवैको भूमिका प्रबल देखिन्छ । आर्या र आदित्यको प्रेम सम्बन्धबाट रति स्थायीभाव हुने शृङ्गार रस परिपाक अवस्थामा पुगेको पाइन्छ। मानवीय संवेग र नारी चेतनालाई केन्द्रीय विषयवस्तु बनाएर लेखिएको कथामा अत्यधिक प्रेम गरेको प्रेमीले, श्रीमान्ले कालान्तरमा गएर गरेको अपमानजनक शब्दहरू, गलत व्यवहार, नारी अस्तित्वलाई ठेस पुऱ्याउने कार्यले आर्यामा अत्यन्त क्रोध उत्पन्न भई रौद्र रसपरिपाक अवस्थामा पुगेको देखिन्छ । सूर्यको अनुनय, विनयलाई मतलब नगरी आफ्नो निर्णयबाट अविचलित रहेकी छन् । सूर्यको साथमा बसेर निरीह, लाचार र रित्तोपन हुनुभन्दा टाढा भएर एक्लै बाँच्ने दृढ निर्णय गरेकी आर्याले नयाँ जीवनको सुरुआत गरेको देखिन्छ । आर्याले अमेरिका पुगेपछि आदित्यसँग प्रेम र विवाह स्वीकार गर्दै आदित्यको प्रेममा परेर सहभाव, आत्मीय र हार्दिक भावले आफू पूर्ण भएको विचार व्यक्त गरेकी छन् । आर्याको जीवनमा भएको दोस्रो विवाहको सन्दर्भले परम्परागत समाज नारीहरूको स्वतन्त्र अधिकारको सवालमा परिवर्तनशील हुँदै गएको महसुस गर्न सकिन्छ ।

## सन्दर्भ सामग्रीसूची


उपाध्याय, केशवप्रसाद (२०३६). *पूर्वीय साहित्य सिद्धान्त.* पाठ्यक्रम विकास केन्द्र ।

गड्तौला, नारायण (२०७१). *रस र ध्वनि सिद्धान्त.* प्रगति पुस्तक प्रकाशन प्रा.लि ।

भट्टराई, गोविन्दप्रसाद (२०७७). *भरतमुनिको नाट्यशास्त्र* (भरतनाट्यमको नेपाली अनुवाद). नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, ऋषिराम (२०७३). *नेपाली रस परिचय.* जुगल पब्लिकेसन ।

शर्मा, सानू (२०७३, माघ १). 'गुनासो' कथा. *बाह्रखरी अनलाइन.* शनिबार ।